दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १४३ | बुटवल | २०८२ जेठ ०६, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday May.20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**नसर्ने रोगबाट बच्ने उपाय**

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं.
-मानसिक तनावबाट मुक्त रहौं,
-अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

**समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ।**

नेपाल सरकार विज्ञापन बोर्ड


## गणतन्त्र दिवस मूल समितिबाट बालेनलाई हटाऊ : प्रधानमन्त्री

बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले गणतन्त्र दिवस, मूल समारोह समितिबाट काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहको नाम हटाउन निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सोमबार दिउँसो मूल समितिको बैठक बसेको थियो । उक्त बैठकमा काठमाडौंका मेयर शाह अनुपस्थित थिए ।

अघिल्लो वर्ष पनि उनी गणतन्त्र दिवसको अवसरमा आयोजित सभामा सहभागी भएका थिएनन् । सोमबारको बैठकमा पनि उनी अनुपस्थित भएपछि प्रधानमन्त्री ओलीले बैठकमा चासो राखेका थिए ।

बैठकले प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा मूल समारोह समिति गठन गरेको छ । आगामी जेठ १५ गतेको उक्त दिवसका लागि यही जेठ १४, १५ र १६ गते हरेक दिन साँझ सबै सार्वजनिक निकायमा दीप प्रज्ज्वलनसहितका कार्यक्रम गर्न तहगत समिति र उप-समिति गठन गरिएको छ ।

त्यस्तै, विदेशस्थित नेपाली राजदूतावास, कूटनीतिक नियोग तथा वाणिज्य दूतावासमा पनि कार्यक्रम तय गरिएको छ । जेठ १५ गतेको मुख्य कार्यक्रम सैनिक मञ्च टुँडिखेलमा मूल समारोह समितिको कार्यक्रम हुनेछ ।

## कानुनी उपचारमा जान्छु : सांसद पन्थी

बुटवल । लुम्बिनी प्रदेश सदस्य तथा पूर्वमन्त्री विष्णु पन्थीले केही व्यक्तिहरू आफूलाई बदनाम गर्ने उद्देश्यले गलत प्रचार गरेको भन्दै कानुनी उपचारमा जाने बताएका छन् ।

नेकपा एमाले केन्द्रीय लेखा आयोगका उपाध्यक्षसमेत रहेका पन्थीले मोरङ जिल्ला अदालतमा गौतमबुद्ध हाइड्रोपावर लिमिटेडको विषयमा परेको मुद्दामा पक्राउ आदेश दिएको समाचार सार्वजनिक भएपछि यस्तो प्रतिक्रिया दिएका हुन् । उनले फेसबुकमा स्टाटस लेख्दै २०७५ साल असार १० गतेदेखि गौतमबुद्ध हाइड्रोपावर लिमिटेडको शेयर सदस्य र सञ्चालक नरहेको स्पष्ट पारेका छन् । उनले श्याम राठी द्वारा रचिएकायोजनाबद्ध, घृणित र आपराधिक कार्यको घोर निन्दा तथा भर्त्सना गर्दै सो झुटो मुद्दा, मानहानी र मबाट कथित रूपमा असुल गरिएको रकम फिर्ताको लागि कानुनी लडाइँमा दृढताका साथ अघि बढ्ने उल्लेख गरेका छन् ।

आइतबार प्रदेशसभामा उनले आफूसहित केही साथीहरूको समूहमा लगानी गरेको उक्त संस्थाबाट बिक्री गरेर बाहिरिएको १ वर्षपछि आफ्नोसमेत नाम जोडेर अदालतमा मुद्दा परेको आफूलाई कुनै जानकारी नै नदिई, म्याद तामेली पनि नगरी, ठेगाना, उमेर सबै फरक रहेको मुद्दा फैसला भएर पक्राउ पूर्जी आएको र त्यो पनि समाचार प्रकाशन भएपछि मात्रै जानकारी पाउनु ठूलो अन्याय भएको बताएका थिए ।

उनले यो प्रकरणको सबै फेहरिस्त प्रदेश सभामा प्रस्तुत गर्दै सबै नेताहरू खराब हुन् भन्ने चरित्र देखाएर आफूजस्तै अरूलाई पनि फसाउन सक्ने भन्दै सजग गराए ।

## बुटवल–नारायणगढ खण्डको ९४ किलोमिटर सडक पीच

बुटवल । पूर्व पश्चिम महेन्द्र राजमार्गअन्तर्गत नारायणघाट-बुटवल सडकखण्डअन्तर्गत दाउन्ने खण्डबाहेक सडकमा एकतर्फी कालोपत्र भएको छ । योसँगै अब यो सडक खण्डको ९३.९४ किलोमिटर क्षेत्रमा पक्की सडकमा यात्रा गर्न सकिने भएको छ । कुल ११३.५३ किलोमिटर सडकमध्ये ३.०७ किलोमिटर सडक पुलले ओगटेको छ ।

९०.८७ किलोमिटर सडक भने एकतर्फी कालोपत्र सम्पन्न भएको छ । पुल र कालोपत्र गरी ९३.९४ किलोमिटर पक्की सडकमा यात्रा गर्न सम्भव भएको आयोजनाले जनाएको छ । आयोजनाकाअनुसार यो खण्डको अब ८३ प्रतिशत सडकमा कालोपत्र यात्रा गर्न सकिने भएको छ । बाँकी खण्ड दाउन्ने क्षेत्रको हो । दाउन्नेमा अहिले कल्भर्ट निर्माणको काम अन्तिम चरणमा रहेको आयोजनाले जनाएको छ ।

कतिपय स्थानमा ढलान सडक निर्माणको काम समेत समानान्तर अगाडि बढेको आयोजनाको भनाइ छ । अहिले यो सडकको भौतिक प्रगति ६६.५० प्रतिशत छ ।

## स्वास्थ्यमन्त्री पौडेल पुरस्कृत

बुटवल । सूर्तीजन्य पदार्थ नियन्त्रणमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै नेपाललाई विश्व स्वास्थ्य संगठनले पुरस्कृत गरेको छ ।

विश्व सुर्तीजन्य पदार्थविरुद्धको दिवसका अवसरमा सन् २०२५ का लागि नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महानिर्देशकको विशेष सम्मान अवार्ड प्राप्त गरेको हो । विश्व स्वास्थ्य संगठनको ७९औं सभाका क्रममा जेनेभामा आयोजित कार्यक्रममा महानिर्देशक डा.टेड्रोस अधानोम घेब्रेएससले स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेललाई पुरस्कृत गरेका हुन् ।

हरेक वर्ष सुर्तीजन्य पदार्थ नियन्त्रणमा असाधारण योगदान पुऱ्याएका व्यक्ति तथा संस्थालाई पुरस्कृत गर्ने शिलशिलामा यस वर्ष नेपालको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई पुरस्कृत गरिएको संगठनले जनाएको छ । मन्त्री पौडेलले सुर्तीजन्य पदार्थको बट्टाको अग्रभाग र पछाडि शतप्रतिशत चेतावनीजन्य सूचना प्रकाशन गर्नुपर्ने व्यवस्थासम्बन्धी निर्णय गरेका थिए । अब यो निर्णय कार्यान्वयनमा आउनेछ ।

सरकारको यस निर्णयलाई विश्व स्वास्थ्य संगठनले असाधारण योगदान भनेको छ ।

# के छ लुम्बिनीको नीति तथा कार्यक्रममा ?

### कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य प्रमुख प्राथमिकतामा



**लुम्बिनी संवाददाता**

*दाङ*

लुम्बिनी प्रदेशको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रदेशसभामा पेश भएको छ । प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले छैठौं अधिवेशनको पाँचौ बैठकमा नीति तथा कार्यक्रम पेश गरेका हुन् ।

प्रस्तुत नीति तथा कार्यक्रममा प्रदेश सरकारको समग्र विकास, सुशासन, सेवा प्रवाह, कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, वातावरणलगायतका विविध विषय समेटिएका छन् । प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत् नागरिक जीवनस्तर उकास्ने, दिगो विकासमा आधारित समृद्ध प्रदेश निर्माण गर्ने तथा जनताको विश्वास जित्ने दिशा तय गरेको छ ।

नीति तथा कार्यक्रमअनुसार प्रदेश सरकारले भौतिक पूर्वाधार र मानवीय विकासलाई सुदृढ बनाउँदै लैजाने, तीन तहका सरकारबिच समन्वय र सहकार्य अभिवृद्धि गर्ने, प्रदेशलाई संस्थागत बनाउने कानुनी तथा जनशक्तिसम्बन्धी आधार तयार गर्ने र सबै जिल्लाको सन्तुलित तथा विशेषतायुक्त विकासमा प्राथमिकता दिने बताइएको छ ।

प्रदेशका सबै मन्त्रालय तथा निकायहरूको समन्वयात्मक परिचालनलाई बल दिइएको छ भने सुशासन, नागरिक मैत्री प्रशासन र सेवा प्रवाहमा व्यापक सुधार गर्ने लक्ष्य लिइएको छ । प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै 'मोबाइल हातमा-प्रदेश सरकारका सेवा साथमा' जस्ता अभियान अघि बढाइने उल्लेख गरिएको छ ।

कृषिमा उत्पादकत्व वृद्धि, कृषिलाई समृद्धिको मेरुदण्डका रूपमा विकास गर्ने, कृषकका गरालाई सधैं हराभरा बनाउने तथा घरदैलोमै कृषि सेवा पुऱ्याउने नीति अवलम्बन गरिनेछ । साथै, प्रदेशलाई आगामी १० वर्षभित्र पूर्ण प्राङ्गारिक प्रदेश बनाउने लक्ष्य लिइएको छ । अर्गानिक खेतीलाई विकासगरी प्रदेशलाई अर्गानिक खेतिको हवको रुपमा विकास गरिने उल्लेख छ ।

उद्योग, उद्यमशीलता र स्वदेशी वस्तुको प्रवर्धनमार्फत् रोजगारी सिर्जना गर्ने तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई अझ मजबुत बनाउने योजना छ । सञ्चार जगतसँग सहकार्य गरी सरकारको नीति तथा कार्यक्रम जनस्तरसम्म पुऱ्याइने उल्लेख गरिएको छ ।

'नागरिकको योगदान, महिनाको एक दिन श्रमदान', 'मेरो विद्यालय मेरो दायित्व', 'हरियालीसहितका सडक पूर्वाधार' तथा 'प्रत्येक घर उज्यालो अभियान' जस्ता नागरिक अभिमुखी कार्यक्रमहरू नीति तथा कार्यक्रममा समेटिएका छन् ।

अधुरा आयोजनालाई सम्पन्न गर्ने, आयोजना बैंकको अवधारणा लागू गर्ने, एक जिल्ला एक नमूना बस्ती निर्माण गर्ने तथा रामपुर-चापाकोट शहर विकास जस्ता योजना पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएका छन् । राजधानी क्षेत्रको गुरुयोजना कार्यान्वयन तथा सरकारी भवन निर्माणमा स्वदेशी काठको अनिवार्य प्रयोग गरिने उल्लेख छ ।

वन्यजन्तु पीडितलाई घरमै राहत, सडकसँगै हरियाली र फलफूलका बिरुवा रोप्ने अभियान सञ्चालन, शिक्षासँगै सीप, राप्ती प्रादेशिक अस्पतालको स्तरोन्नति गरी २०० शैयामा विस्तार, विपद् व्यवस्थापनको पूर्वतयारी तथा देउखुरीमा जलवायु केन्द्र स्थापना जस्ता कार्यक्रम नीति तथा कार्यक्रममा समावेश छन् ।

प्रदेश गौरवका आयोजनाहरूलाई सम्पन्न गर्ने, विपन्न नागरिकका लागि मेडिकल कलेज तथा अस्पतालमा निःशुल्क सेवा उपलब्ध गराउने, सर्पदंश उपचार विस्तार तथा विद्यालय-समुदायमा स्वास्थ्य कार्यक्रम विस्तार गर्ने योजना समेत नीति तथा कार्यक्रममा उल्लेख छन् ।

हरित ऊर्जा, विद्युतीय सवारी र सौर्य ऊर्जा प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।


**नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

- कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं । पशुपंक्षी संरक्षण गरौं,
-  सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा राख्ने ,
- जन्म,मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- फोहोरको उचित व्यवस्थापन गरौं ।
-वातावरण जोगाउन वृक्षारोपण गरौं ।
- भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
- स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
- सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

**बाबुराम पल्ली** — प्रमुख प्रशासकीय अधिकृत
**अमृतादेवी कुँवर** — उप–प्रमुख
**खिलध्वज पन्थी** — नगर प्रमुख

**रेसुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
तम्घास, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल



**सरावल गाउँपालिकाको अनुरोध**

गर्मी तथा वर्षायाममाको समयमा सचेत रहौं

**गर्मी समयमा विभिन्न जातका किरा, फटयांग्रा तथा बिषालु सर्पहरू घर, आँगन, कोठा तथा घरवरिपरि देखिने र टोक्ने / डस्ने भएकोले सचेत हुँदै सुरक्षित रहन निम्न कुराहरूमा ध्यान दिउँ ।**

- घर कोठा, आँगन वरिपरि नियमित सरसफाइ गरी झारपात र झाडी हटाऔं ।
-आफू सुत्ने विस्तारा सधै टकटक्याउने, सफा गर्ने र झुल लगाएर सुत्ने गरौं ।
-घर अगाडिको बाटो, पानी जम्ने खाल्डाखुल्डी, किरा फट्यांग्रा पस्ने निस्कने प्वालहरू पुरी वा बन्द गरौं ।
-अध्यारोमा नहिडौं । अति आवश्यक परे टूच लाइट बालेर हिडौं ।
-खेत आलीको घासपात गर्दा अघि पछि हेरेर होसियार पूर्वक गरौं ।
-बालबालिकालाई खेल्ने आँगन, मैदान सुरक्षित छ छैन, निरीक्षण गरी हिलो र पानी तथा झारपात भएको स्थानमा खेल्न नपठाऔं ।
-किरा फट्यांग्रा तथा सर्पले टोकेको शंका लागे वा टोकेको अवस्थामा ढिला नगरी तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं । घरायसी झारफुक, धामिभाक्रीको अन्धविश्वासमा

**सरावल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
नवलपरासी,(बसुप) लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## प्रदेशको नीति कार्यक्रम

लुम्बिनी प्रदेशको नीति कार्यक्रम सोमबार प्रदेश प्रमुख अमिक सेरचनले सार्वजनिक गरेका छन् । प्रदेश प्रमुखले गौरवका आयोजनाहरुलाई प्राथमिकतामा राख्दै नीति कार्यक्रम सार्वजनिक गरेका छन् । सरकारले प्रदेश गौरवका आयोजनाका रुपमा लुम्बिनी प्रादेशिक अस्पताल, प्रदेश राजधानी सहरको विकास तथा निर्माण, एकिकृत आयुर्वेद तथा वैकल्पिक चिकित्सा शिक्षण अस्पताल, राप्ती प्रादेशिक अस्पताल निर्माण, लुम्बिनी प्राविधिक विश्वविद्यालयको पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु सकारात्मक पक्ष हो ।

प्रदेशको गौरवको आयोजनाको रुपमा रहेको 'रामपुर–कपुरकोट' सडकको स्तरोन्नती कार्यलाई छुट्टै आयोजनाको रुपमा अघि बढाउने नीति पनि सरकारले अघि सारेको छ। प्रदेश सरकारको 'एक घर एक धारा' को संकल्प पूरा गर्न 'जनतासँग प्रदेश सरकार खानेपानी विकास कार्यक्रम' सञ्चालन गर्ने भएको छ।। प्रदेश सरकारको 'एक घर एक धारा' को संकल्प पुरा गर्न 'जनतासँग प्रदेश सरकार खानेपानी विकास कार्यक्रम' सञ्चालन गर्ने भएको छ। यी कार्यक्रम लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलका पालामा अघि बढेका हुन् । सरकारको फेरबदल भइरहँदा यी महत्वपूर्ण कार्यक्रमले प्राथमिकता नपाउँदा नागरिकले विकासको प्रतिफल पाउन ढिलाइ भयो। सरकार फेरबदलसँगै नागरिकको जीवनस्तर सुधारसँग प्रत्यक्ष जोडिएका यी कार्यक्रम अघि बढाउन प्राथमिकता नदिनु कमजोरी थियो ।

प्रदेश सरकारले स्थानीय तह र प्रदेश सरकारबिच नीति निर्माण, समन्वय, सहकार्य र साझा सवालका सम्बन्धमा सहकार्य सहज बनाउन 'मुख्यमन्त्री स्थानीय तह प्रमुख (सिएम-मेयर डायल) नयाँ कार्यक्रम सञ्चालन गर्ने भएको छ । यसले स्थानीय तह र प्रदेश सरकारबिच समन्वय बढाउन सकारात्मक भूमिका खेल्ने निश्चित छ । लुम्बिनी-ढोरपाटन– दुनै–जुम्ला खलंगा– रारा– काँक्रेविहार कोहलपुर– लुम्बिनी' जोड्ने गरी बुद्ध पर्यटकीय पदमार्ग र 'देवघाट–रुरुधाम मुक्तिनाथ दामोदर कुण्ड' समेटिएको धार्मिक मार्गको सम्भावना अध्ययनका लागि अन्तरप्रदेश समन्वय गर्ने विषय कार्यान्वयन गर्न सक्दा विकासप्रति अन्तरप्रदेश समवन्य र साझेदारी बढाउने अवसरको ढोका खोल्ने छ।

नीति कार्यक्रमले सरकारलाई मार्गनिर्देश गरेको हुन्छ। नीति कार्यक्रमकै आधारमा बजेट तयार हुने हो। गौरवका आयोजनाले अपेक्षित गति लिन नसकिरहेको बेला प्राथमिकतामा पर्दा अब गति लिने अपेक्षा गर्न सकिन्छ। संविधानले तहगत सरकारको काम, कर्तव्य, अधिकार र जिम्मेवार तोकेको छ। संवैधानिक प्रबन्धअनुसार तहगत सरकार अघि नबढ्दा संघीयताको व्यवहारिक कार्यान्वयन हुन सकेको छैन । नीति कार्यक्रम अनुसार बजेट नल्याउने र बजेट टुक्रे आयोजनामा छर्ने प्रवृत्तिले बजेट खर्च भएअनुसार प्रतिफल पाउन नसक्ने अवस्था छ। बजेट प्रतिफलमुखी आयोजनामा खर्च गर्ने संस्थागत संरचनाको विकास गर्न नसक्दा तहगत सरकारको अलमल बढी छ । स्थानीय र प्रदेश सरकारको बजेट निर्माण संघीय सरकारकै अनुदानमा निर्भर रहनुपर्ने बाध्यता भएकाले मितव्ययी हुँदै विकासको प्रतिफल दिनुपर्ने छ। अब नीति कार्यक्रमअनुसार बजेट आउनुपर्छ। नीति कार्यक्रम एकातिर बजेट अर्कोतिर भयो भने बजेट कार्यान्वयन नहुने र भइहाले प्रतिफल नदिने जोखिम हुन्छ ।

# 'सामाजिक सेवा इकाईमा तीनै तहको लगानी आवश्यक'

बुटवल । लक्षित समूहका बिरामीहरूलाई स्वास्थ्य सेवामा समतामूलक पहुँच एवं उपयोग अभिवृद्धि गर्दै सेवाग्राहीलाई सहज र सुलभ दरमा सेवा प्रदान गराउन विपन्न , गरिब, सीमान्तकृतलगायतलाई उपचारमा आर्थिक सहयोग गर्दै आएको सामाजिक सेवा इकाईमा तीनै तहका सरकारको लगानी हुनुपर्ने सरोकारवालाले बताएका छन् ।

लुम्बिनी प्रादेशिक अस्पतालको सामाजिक सेवा इकाईसँग अपाङ्गता मैत्री यौन तथा स्वास्थ्य सेवाको समीक्षा बैठकमा बोल्ने सबैजसो सरोकारवालाहरूले सामाजिक सेवा इकाईमा आउने बजेट भन्दै धेरै खर्च गरिरहेको बताउँदै यस्तै अवस्था रहेमा इकाई बन्द हुने अवस्थामा पुग्ने बताएका हुन् ।

स्वास्थ्य निर्देशनालयका लुम्बिनी प्रदेशका निर्देशक रोशनलाल चौधरीले सामाजिक सेवा इकाईमा लुम्बिनी प्रदेश सरकारले लगानी गर्दै आएको भए पनि पर्याप्त नभएको महसुस भएको बताए।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका उनले तीन तहका सरकारले नै बजेटमा यसलाई व्यवस्थापन गर्न सकेमा यसलाई अझैं प्रभावकारी बनाउँदै थप धेरैलाई सेवा दिन सकिने तर्क गरे ।

कार्यक्रमका अध्यक्ष एवं लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका मेडिकल सुपरिटेन्डेन्ट डा. इन्द्र ढकालले सामाजिक सेवा इकाईबाट सेवा प्रदान गर्ने हकमा अपाङ्गतामैत्री यौन तथा स्वास्थ्य सेवा प्रदान भइरहेको दाबी गरे। उनले सहायता कक्ष नै निर्माण गरेर यसको काम भइरहेको बताउँदै अस्पताल स्रोतबाट ३ जना र बाह्य स्रोतबाट १ जना राखेर सेवा दिइरहेको बताए। स्वास्थ्य बिमा भएका नागरिक पनि सहज सेवा पाइने भन्दै इकाईमा पुग्दा लक्षित वर्गले सेवा नपाउने अवस्था सिर्जना हुन थालेको बताए।

अस्पतालका प्रशासन प्रमुख राजन केसीले अस्पतालले १३ जिल्लाका बिरामीहरूलाई उपचार गरेको बताउँदै वार्षिक ४ करोड खर्च हुने अवस्थामा यसको लागि जम्माजम्मी ५० लाख मात्रै बजेट आइरहेको बताए।

कार्यक्रममा किड्स नेपालका कार्यकारी निर्देशक कृष्णकुमार द्विवेदीले यो संस्थाले अपाङ्गताको क्षेत्रमा काम गर्दै आएको बताउँदै दोभासे कर्मचारीको तलबको व्यवस्था गरिरहेको जानकारी दिए।

युएनएफपिएका कार्यक्रम विश्लेषक रस्मिता पौडेलले अस्पतालमा अपाङ्गतामैत्री यौन तथा स्वास्थ्य सेवा प्रदान गराउने कार्यमा आफूहरूले आवश्यक सहयोग गर्दै आएको बताइन्। उनले यसमा सबैको सहकार्य आवश्यक रहेको औंल्याइन्।

सामाजिक सेवा इकाई प्रमुख नेत्रप्रसाद आचार्यले इकाईका काम कर्तव्य र अधिकारको बारेमा बताउँदै सामाजिक सेवा इकाईमा आउने अधिकांश समस्याग्रस्त व्यक्तिहरू भएको उल्लेख गरे । उनले इकाईबाट अपाङ्गतामैत्री वातावरण बनाउनको लागि दोभासे राखिएको बताए । उनले अन्य किसिमका अपाङ्गताको हकमा यौन तथा स्वास्थ्य सेवाको बारेमा बोल्न सक्ने भए पनि सुन्न बोल्न नसक्नेको हकमा दोभासेले काम गरिरहेको बताए। उनले इकाईबाट सेवा लिइरहेकाहरूको अवस्था तथा संख्याको बारेमा कार्यपत्र समेत प्रस्तुत गर्दै उल्लेख गर्दै आगामी कार्य योजनाको बारेमा जानकारी दिएका थिए।

कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघका निवर्तमान अध्यक्ष मित्रलाल शर्मा, अस्पतालका वरिष्ठ लेखा अधिकृत खगेश्वर घिमिरेलगायतले बोलेका थिए।

लक्षित समूहका बिरामीहरूलाई स्वास्थ्य सेवामा समतामूलक पहुँच एवं उपयोग अभिवृद्धि गर्ने, निःशुल्क तथा आंशिक छुटमा नियमित तथा विशेषज्ञ सेवाहरू उपलब्ध गराउने, विपन्न नागरिक औषधोपचार कोष, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा, गरिब तथा विपन्न वर्गका लागि निःशुल्क स्वास्थ्य सेवालगायत सबै स्वास्थ्य सुरक्षा कार्यक्रमहरूको संयोजन एवं सहजीकरण गर्ने उद्देश्यले विभिन्न अस्पतालहरूमा स्थापित संस्थागत व्यवस्था नै सामाजिक सेवा इकाई हो।

---

## Buddhabhumi Municipality
## Office of Municipal Executive
Hanumanchowk,BuddhiKapilvastu
Lumbini Province

### Invitation for Electronic Bids

Date of Second publication: 20th May.2025

1. The Buddhabhumi Municipality, Office of the Municipal Executive, Hanumanchowk,BuddhiKapilvastu invites electronic bids from eligible bidders for the procurementof following goods. The bidders can visit the PPMO website for the brief description with Public Entityname: Buddhabhumi Municipality Office, Kapilbastu.

| S. N. | Contract ID | Name of Projects | Estimated Amount (Inclusive/ Exclusive VAT) (NRs.) | Bid Security (NRs.) amount | Account No.For Bid Security | Bid Doc fee | Account No.For Bid Doc fee. | Final Date of Bid Submission and time |
|---|---|---|---|---|---|---|---|---|
| i. | 54/BM/ POG/ 080/082 | Purchases Of Hand pump Accessories | 1837924.66 ( Inclusive VAT) | 46000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH , SthaniyaTaha Dharauti Khata 0440055997600041 | 1,000.00 | NMB Bank Ltd. GORUSINGE BRANCH, AntarikRajaswoKhata 0440055997600012 | 4th Jun,2025 |

2. Pre-bid meeting shall not be held.
3. Bid opening date 4thJun,2025 at 13:00 ,office of Buddhabhumi Municipality Office, Kapilbastu
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

**Chief Administrative Officer**

---

## श्री नागबेली बहुउद्धेश्यीय कृषि सहकारी संस्था लिमिटेड
**भैसी पालन दुध उत्पादन तथा बजारीकरण उप–आयोजन कार्यान्वयन समिति**
**प्यूठान न.पा.–३, जुम्री, प्यूठान**
**उप–आयोजन संकेत नं.: BUT-549494-0001**

### बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०२/०६
बोलपत्र नं. NMACOL/G/NCB/02/2081-82

ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक कोरिडोर कार्यलय बुटवलको सहयोगमा यस उत्पादक संस्थाले स्टार्ट-अप अनुदान कार्यक्रम अन्तरगत प्युठान न..पा.-३, जुम्री, प्युठान स्थित भैसी पालन दुध उत्पादन तथा बजारीकरण उप-आयोजना संचालनका लागि तपसिल बमोजिमको खरीद कार्य बोलपत्र विधिबाट खरीद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली बोलपत्रदाताका लागि निम्न उल्लेखित शर्तहरुको अधिनमा रही रितपुर्वकको बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु**

१. मु.अ.करमा दर्ता भएका बोलपत्रदाताहरुले यस उप-आयोजनाको कार्यालयबाट रु.३००० तिरी अथवा सहकारीको खातामा जम्मा गरेको भौचर पेस गरि मिति २०८२/०२/२० गते १७:०० बजे सम्म बोलपत्र खरिद गर्न सक्नेछन्।
२. बोलपत्र यस उप-आयोजनाको कार्यालयमा मिति २०८२/०२/२१ गते ११:०० बजे भित्र दर्ता गराई सक्नु पर्ने छ।
३. दर्ता हुन आएका बोलपत्र बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा यस उप-आयोजनाको कार्यालयमा मिति २०८२/०२/२१ गते १२:०० बजे खोलिनेछ ।बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४. बोलपत्रसाथ धरौटी वापतको रकम सिद्वार्थ बैंक लिमिटेड, प्युठान शाखामा यस समुहको नाममा रहेको खाता नं. ५५५०५६०४८४२ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट सो रकम बराबरको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिनको म्याद भएको बैंक ग्यारेण्टीको सक्कलप्रति संलग्न गरी यस उप-आयोजनाको कार्यालयमा पेश गर्नुपर्नेछ ।
५. यस सम्बन्धमा थप जानकारी प्राप्त गर्न एवम् बोलपत्र सम्बन्धी कागजातको लागि उप-आयोजना कार्यान्वयन समितिमा (फोन नं ९८४७८३९०४२) मा सम्पर्क गर्न सकिनेछ।

**बोलपत्र सम्बन्धी कार्यको विवरण**

| सि.नं | बोलपत्र नं. | कामको विवरण | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|
| १ | NMACOL/G/NCB/02/2081-82 | मोटरसहित चयाफ कटर खरिद (२१ ओटा), मिनी टीलर खरीद (१० ओटा), दाना मिल (२० ओटा), मिल्क एनालाईजर (१ ओटा), मिल्क चिलिंग भ्याट (१ ओटा) | ८३,७५० | ३००० |

---

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग भूमि सुधार तथा मालपोत कार्यालय**
**तौलिहवा, कपिलवस्तु**

### हकवालाका नाउँमा ३५ दिने सार्वजनिक सूचना ।

उपरोक्त विषयमा निम्न लिखित जग्गा वाला जिल्ला क.ब. मायादेवी गा.पा. वडा नं. ६ मौजा रजवापुर बस्ने धनई कहाँरको नाति, फकीरी कहाँरको छोरा डाढू कहाँरको मिति २०७१/०६/०५ गते अविवाहित अवस्थामा मृत्यु भएको । निम्न लिखित जग्गावाला जिल्ला क.व मायादेवी गा.पा. वडा नं. ६ जन्मेको दुई छोरा जेठा परसु कहाँर र कान्छा डाढु कहार जन्म भएको । मृतक डाढू कँहारको बुबा फिकिरी कहाँर र आमाको अघि नै मृत्यु भइसकेको । मृतक दम्पत्तिबाट जन्मेको दुई छोरा जेठा परसु कहाँर र कान्छा डाढु कहाँर जन्म भएको। परसु कहाँरको मिति २०६९/०३/०५ गते र निजको एक मात्र पत्नी बुधना कहारिनको मिति २०७४।०४।२५ गते मृत्यु भएको । मृतकबाट परसु कहाँर र बुधना कहारिनबाट जन्मेका दुई छोरा अवधराम कहाँर र पराग कहाँर भएको। मृतक डाढू कहाँर जीवित छंदा सेवा सम्भार, पालन पोषण, औषधि उपचार र मृत्यु पश्चात सामाजिक परम्परा अनुसार काजक्रियासमेत मृतकको दुई भतिजा अवधराम कहाँर र पराग कहाँरले गरेको हुँदा मृतक डाढू कहाँरको नाममा दर्ता रहेको तपसिल बमोजिमका जग्गा संयुक्त नामसारी गरी पाउँ भनी जिल्ला क.ब. मायादेवी गा.पा. वडा नं. ६ मौजा रजवापुर बस्ने निवेदकहरु बधराम कहाँर र पराग कहाँरको मिति २०८२।०१।११ मा निवेदन माग भई आएकोमा मृतक डाढू कहाँरको हकवालाका नाउँमा ३५ दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित कित्ताहरु निज मृतकको नामका हो होइन वा उक्त कित्ताहरुमा कसैको हकदैया पर्ने भएमा यो सूचना टाँस मितिले पैतिस दिन भित्र स-प्रमाण समेत लिई यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गा निवेदकहरुका नाउँमा संयुक्त नामसारी भई जानेछ। पछि कसैको कुनै उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तपसिल

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| डुमरा | ३क | १८१ | ०-५-५-० | ज.ध. डाढु कहाँर बाबुः- फकीरी कहाँर बाजेः- धनई कहाँर ठेगानाः- जिल्ला कपिलवस्तु | |
| डुमरा | ३क | २१७ | ०-१-१-० | सा.गा.वि.स.डुमरा वडा नं. ३ हाल मायादेवी गा.पा. ६ मौजा रजवापुर | |

पुनश्चः- उपरोक्त अनुसार नामसारी गरिदिनु भनी मायादेवी गा.पा.-६ नं. वडा कार्यालयको च.नं. ८८२ मिति २०८२।०१।१० गते सिफारिस भई आएको ।

---

## मध्यविन्दु नगर अस्पताल
**मध्यविन्दु–७, चोरमारा, नवलपरासी (ब.सु.पु)**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

सूचना प्रकाशन मितिः २०८२/०२/०६

मध्यविन्दु नगर अस्पतालको नवनिर्मित भवनको लागि नयाँ ट्रान्सफर्मर आपुर्ति गराउने कार्यको मिति २०८२/०१/१९ गतेको पुन बोलपत्र आह्वानको सूचना अनुसार यस अस्पतालमा पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही पाइएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र. सं. | ठेक्का नं. | प्याकेजको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम रु. (मु.अ.कर र पि.एस सहित ) | कै |
|---|---|---|---|---|---|
| १ | 01/SQ/Works/ Municipal hospital | Procurement and Installation of Transformer and 11kv H.T line for Municipal Hospital | Niket Nirman sewa | 17,54,730.80 | |

---

## गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा गरौ ।
-फोहोरको उचित व्यवस्थापन गरौं ।
-कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं । पशुपंक्षी संरक्षण गरौं,
-वातावरण जोगाउन वृक्षारोपण गरौं ।
-भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं ।
-स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं ।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं ।
-अनावश्यक घर बाहिर भिडभाडमा बढी नजाने ।
-खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
-सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने ।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
-रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने ।

| काशीराज पन्थी | उपेन्द्र अर्याल | देवीराम अर्याल |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृ | उपाध्यक्ष | अध्यक्ष |

**मालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अर्खवाङ्ग,गुल्मी, लुम्बिनी प्रदेश, नेपाल**

# नेपाली महिला क्रिकेट टोली पहिलोपटक विश्वकपको छनोटमा



बुटवल । नेपाली राष्ट्रिय महिला क्रिकेट टोली यूएईलाई पराजित गर्दै पहिलोपटक आइसीसी महिला टी-२० विश्वकपको ग्लोबल छनोटमा प्रवेश गरेको छ।

सोमबार भएको एसिया क्षेत्र छनोटको सुपर थ्रीको आफ्नो पहिलो खेलमा यूएईलाई ५ विकेटले पराजित गर्दै नेपाल ग्लोबल छनोटमा पुगेको हो । एसिया क्षेत्र छनोटबाट नेपालसँगै थाइल्यान्डले ग्लोबल छनोटमा स्थान बनाएका हुन् । लगातार दुई खेलमा हार भोगेको यूएई सुपर थ्रीबाट नै बाहिरिएको छ । यूएई पहिलो खेलमा थाइल्यान्डसँग ५४ रनले पराजित भएको थियो ।

यूएईले दिएको १ सय १५ रनको लक्ष्य पछ्याएको नेपालले ३ बलअगावै ५ विकेटको क्षतिमा भेट्टायो । नेपालका लागि कप्तान इन्दु वर्मा २९ रनमा अविजित रहिन् । उनले २७ बलमा २ चौका प्रहार गरिन् । रुवि पोद्दार ६ रनमा नटआउट रहिन् ।

ओपनर सम्झना खड्काले २१ रन बनाउँदै सुरक्षा कोटेको बलमा कट एन्ड बोल्ड भइन् । रुविना क्षेत्री २३ रन बनाउँदा ईशा ओझाको बलमा क्याच आउट हुन पुगिन् ।

पूजा महतो १३ रन बनाउँदै पेभेलियन फर्किइन् । राजमती ऐरीले ८ तथा कविता कुँवरले ५ रन थपे । त्यसअघि थाइल्यान्डको बैंककस्थित ट्रेडथाइ क्रिकेट मैदानमा नेपालले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १ सय १४ रनको योगफल तयार पारेको थियो ।

यूएईका लागि ओपनर तथा कप्तान ईशा ओजाले सर्वाधिक ३९ रन बनाउँदै क्याच आउट भइन् । विकेटकिपर तिथा सतिसले २१ रन बनाउँदै आउट भइन् । लावन्या केनीले १२ रन बनाउँदै आउट भइन् । हिना होट्चान्दानीले २० रन थपिन् ।

नेपालका लागि मनिषा उपाध्यायले ४ विकेट लिइन् । मनिषाले आफ्नो स्पेलमा मात्र २० रन दिइन् । कविता कुँवरले दुई विकेट लिइन् । कविताले अन्तिम ओभरमा २ विकेट लिँदै यूएईलाई रोकेकी हुन् । राजमती ऐरीले एक विकेट आफ्नो नाममा गरिन् ।

दोस्रो खेलमा नेपालले थाइल्यान्डविरुद्ध आज मंगलबार खेल्नेछ ।

# विद्यार्थी र विद्यालयलाई सम्मान



नवलपरासी । रामग्राम नगरपालिकाले नगरभित्रका आधारभूत तह उत्तीर्ण परीक्षा २०८१ मा ४ जीपीए तथा शतप्रतिशत उत्तीर्ण गराउने विद्यार्थी तथा विद्यालयलाई सम्मान गरेको छ। नगरमा २ सामुदायिक र ४ संस्थागत विद्यालयले ४ जीपीए र २ सामुदायिक र १३ संस्थागत गरी १५ विद्यालयले शतप्रतिशत विद्यार्थी उर्त्तीण गराउन सफल भएका थिए।

आधारभूत तहमा ४ जीपीए ल्याउन सफल ७ विद्यार्थीलाई जनही ५ /५ हजार र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो भने शतप्रतिशत विद्यार्थी उर्त्तीण गराउन सफल सामुदायिक विद्यालयका २ र निजीका १३ गरी १५ वटा विद्यालयका प्रधानाध्यापकहरुलाई दोसल्लाद्वारा सम्मान गरिएको थियो। रामग्राम नगरपालिका वडा नं. १ का वडाध्यक्ष रुद्र प्रकाश उपाध्यायको स्वागत मन्तव्य रहेको कार्यक्रममा नगर उप-प्रमुख सम्झना चौधरी, अभिभावकको तर्फबाट अनिल उपाध्याय, रामग्राम सगरमाथा एकेडमीका प्रअ अविनाश रेग्मी, जनता आधारभूत विद्यालयका प्रअ दिनेश उपाध्याय, पवन माविका प्र.अ अनिरुद्ध पाठक, शिक्षा अधिकृत सुन्दर खनाल, सामुदायिक विद्यालयका शिक्षक दिनेश उपाध्यायलगायतले शिक्षामा रामग्राम नगरपालिकाले खेलेको भूमिकामाथि चर्चा गरेका थिए।

कार्यक्रममा बोल्दै नगरप्रमुख यादवले यस वर्षको नतिजाले आगामी वर्षमा झन उर्जा थप्ने बताउँदै शिक्षाको गुणस्तर कायम गर्न अझैं लाग्नु पर्नेमा जोड दिएका थिए।

रामग्राम नगरपालिकाको क्षेत्र धेरै ग्रामीण क्षेत्र भएका कारण पनि शिक्षा क्षेत्रको नतिजा कम हुने गरेकोमा केही वर्षदेखि सुधार हुँदै आएको उनले बताए। नगरप्रमुख यादवले शिक्षा र स्वास्थ्यका क्षेत्रमा नगरपालिकाले पहिले प्राथमिकतामा राखेर काम गरेका कारण सफलता प्राप्त गरेको जनाए।

## प्रथम माननीय कप क्रिकेट :

# ४ वडाको टिम बाहिरीयो



भैरहवा । भैरहवामा जारी प्रथम माननीय कप क्रिकेट प्रतियोगिताको सोमबारको खेलबाट ४ वटा वडाको टिम बाहिरीएको छ।

युवाहरुलाई नकारात्मक मार्गबाट जोगाउन एवं स्थानीयस्तरमा खेलाडी उत्पादन गरी क्रिकेटको विकासका लागि रुपन्देहीको प्रदेश निर्वाचन क्षेत्र नम्बर ३(१) मा पर्ने १८ वटा वडाका युवाहरुको सहभागितामा सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देहीले प्रतियोगिता आयोजना गरिएको छ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट रंगशालामा भएको खेलमा सिद्धार्थनगर २, सिद्धार्थनगर ११, सिद्धार्थनगर १३ र सिद्धार्थनगर ४ प्रतियोगिताबाट बाहिरीएका छन् । नकआउट चरणमा भइरहेको खेलमा हार व्योहोरेपछि यि वडाका टिम बाहिरएका हुन् ।

सोमबार भएको पहिलो खेलमा टस जितेर व्याटिङ रोजेको मायादेवी ८ ले निर्धारित १० ओभरमा ७३ रन बनाएको थियो । ७४ रनको लक्ष्य पाएको सिद्धार्थनगर २ ले सबै ओभर खेल्दै ४८ रनको योगफल मात्र बनाउन सकेकोले जित निकाल्न सकेन। २५ रनले खेल जितेको मायादेवी ८ का साग चौधरी म्यान अफ द म्याच भए।

यस्तै दोस्रो खेल सिद्धार्थनगर ९ र सिद्धार्थनगर ११ बिच भएकोमा सिद्धार्थनगर ९ ४ विकेटले जियी भयो । सुरुवाती पाली खेल्दै ११ ले निर्धारित ओभरमा ५८ रन बनाएको थियो । प्रतिउत्तरमा खेल्दै ११ ले ६ विकेटको क्षतिमा लक्ष्य पार गरी जियी भयो । खेलमा वडा नम्बर ९ का रहमान अलि मुसलमान म्यान अफ द म्याच भए।

यस्तै सम्पन्न तेस्रो खेलमा सिद्धार्थनगर ६ ले सिद्धार्थनगर १३ लाई १० विकेटले हराउँदै जित हात पाऱ्यो। जस्का लागि सिद्धार्थनगर ६ का द्वय अविजित प्रवेज आलमले २७ र अर्जुन चौधरीले ७ रनको योग्दान दिए। सुरुवाती चरणमा व्याटिङ गरेको १३ ले ८ ओभरमा ३६ रन बनाएको थियो।

यस्तै सोमबारको चौथो खेल सिद्धार्थनगर ४ र सिद्धार्थनगर १२ बिच भएकोमा १२ नं. वडा ले ६२ रनले जित निकाल्यो। प्रतियोगिताको अहिलेसम्मको सर्वाधिक ठूलो लक्ष्य दिएको वडा नम्बर १२ ले वडा नम्बर ४ लाई सस्तैमा समेट्नका लागि अमित यादव र रोशन गुप्ताले २-२ विकेट लिए। अन्तिम खेलको म्यानअफ द म्याच भिम सुनार भए। सम्पूर्ण म्यान अफ दम्याचलाई नगद ११ सयसहित मायाको चिनोले सम्मान गरिएको थियो।

रुपन्देही क्रिकेट संघको प्रविधिक सहयोगमा भइरहेको प्रतियोगितामा प्रदेशसभा क्षेत्रअन्तर्गतका १८ वटा वडा, कर्मचारी र सञ्चारकर्मी गरी २० वटा टीमले प्रतियोगितामा प्रतिस्पर्धा गर्दैछन् । नकआउट चरणमा भएको प्रतियोगिताको पहिलो दिनको खेलबाट तीन वटै टिम बाहिरीसकेको छ।

१० ओभर र टेनिस बलले खेल खेलाइने आयोजकले जनाएका छन्। प्रतियोगिताको विजेता टोलीले नगद ५१ हजार र उपविजेताले २५ हजार र ट्राफी प्राप्त गर्ने छन्।

प्रतियोगिता जेठ ८ गतेसम्म भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा सञ्चालन हुनेछ।

मंगलबारको खेल सिद्धार्थनगर ८ र सिद्धार्थनगर ३, तिलोत्तमा १४ र मायादवी ८, सिद्धार्थनगर २ र सिद्धार्थनगर १, मायादेवी ७ र सिद्धार्थनगर ६ एवं सिद्धार्थनगर ९ र सिद्धार्थनगर १० बिच हुने आयोजकले जानकारी दिएका छन्।


हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं

-हाम्रो मौलिक उत्पादन पहिचान मात्र होइन, आय-आर्जनको स्रोत पनि हो।
-घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिवृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं।
-स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं।
-हस्तकला लगायतका व्यवसाय सानो पूँजीमा पनि थालनी गर्न सकिन्छ।
-स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं।
-आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं।

अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह जस्ता घटनाहरु ३५ दिन भित्र वडा कार्यालयमा दर्ता गाराउँ।
- आफ्ना बालबच्चाहरुलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं।
- विकास निर्माणका कामहरु उपभोक्ता समिति मार्फत समयमा नै सम्पन्न गरी घर, आँगन, टोल सधै सफा गरौ।
-फोहोरको उचित व्यवस्थापन गरौं।
-कृषि तथा पशुपालनमा युवा सहभागिता बनाई स्वरोजगार सृजनामा टेवा पुऱ्याऔं। पशुपंक्षी संरक्षण गरौं,
-वातावरण जोगाउन वृक्षारोपण गरौं।
-भुकम्प प्रतिरोधक संरचना निर्माण गरौं।
-स्थानीय कृषि तथा पर्यटनको संरक्षण गरौं।
- सेवा प्रवाहमा रहेको कमि कमजोरी औंल्याऔं, स्थानीय सरकारलाई सवल बनाउन समयमा नै कर तिरौं।
-अनावश्यक घर बाहिर भिडभाडमा बढी नजाने।
-खोक्दा, हाछ्यूँ गर्दा नाक र मुख छोप्ने।
-सकेसम्म स्वास्थ्यकर मासु मात्र खाने।
- घर पालुवा तथा जंगली पशुपक्षीको असुरक्षित सम्पर्कबाट टाढा रहने।
-रुघा खोकी तथा ज्वरो आई स्वास प्रवाशमा समस्या आएमा चिकित्सकसंग सल्लाह लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा कालो बजारी गरेको थाहा पाए समयमा नै सम्बन्धित निकायमा सम्पर्क गरी निकायमा जानकारी गर्ने।

विवेक रणपाल (परियार) — प्रमुख प्रशासकीय अधिकृत
पार्वती कुँवर — उपाध्यक्ष
भगतसिंह खड्का — अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

शिक्षक र कार्यालय सहयोगीको आवश्यकता

यस विद्यालयको मिति २०८२/०१/२९ गतेको वि.व्य.स.को निर्णयानुसार रिक्त भएको **कार्यालय सहयोगी र मा.वि.तहको शिक्षण सिकाइ सहयोग अनुदानमा अंग्रेजी विषयको करार शिक्षकको** आवश्यकता भएको हुनाले १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको इच्छुक नेपाली नागरिकहरुले तपसिल अनुसारको आवश्यक कागजातहरुको प्रतिलिपि सहित मिति २०८२/०२/२० गते सम्म विद्यालय समय भित्र दरखास्त आव्हान गरिन्छ।

तपसिल :

| क्र.सं. | कार्यालय सहयोगी (विज्ञापन नं.०३/०८१/८२) | क्र.सं. | शिक्षक (विज्ञापन नं.०४/०८१/८२) |
|---|---|---|---|
| १ | पद सख्या - १ (एक) | १ | पद सख्या - १ |
| २ | नियुक्तिको किसिम - करार | २ | तह/नियुक्तिको किसिम -मा.वि.(संघीय शिक्षण सिकाइ अनुदान)को करार |
| ३ | योग्यता - कक्षा ८ (आठ) उत्तीर्ण गरेको। | ३ | योग्यता - सम्बन्धित विषयमा मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। |
| ४ | तलब - नेपाल सरकारले तोके बमोजिम। | ४ | तलब - संघीय अनुदानको नम्स बमोजिम। |
| ५ | परीक्षाको किसिम - मौखिक र प्रयोगात्मक। | ५ | परीक्षाको किसिम - लिखित, मौखिक र आवश्यक भए प्रयोगात्मक। |
| ६ | दरखास्त दस्तुर - ५००। (पाँच सय)। | ६ | दरखास्त दस्तुर - २,०००। (दुई हजार)। |
| ७ | शैक्षिक योग्यताको प्रतिलिपि। | ७ | शैक्षिक योग्यता, स्थायी अध्यापन अनुमति पत्र र तालिमको प्रतिलिपि। |
| ८ | निरोगिताको प्रमाण पत्र। | ८ | निरोगिताको प्रमाण पत्र। |
| ९ | अनुभवी र बढी योग्यता भएकोलाई प्राथमिकता दिइनेछ। | ९ | अनुभवी र बढी योग्यता भएकोलाई प्राथमिकता दिइनेछ। |
| १० | दरखास्त दिने अन्तिम मिति २०८२/०२/२० गते विद्यालय समय भित्र। | १० | दरखास्त दिने अन्तिम मिति २०८२/०२/२० गते विद्यालय समय भित्र। |
| ११ | सम्पर्क मिति-२०८२/०२/२१ गते १२:०० बजे। | ११ | सम्पर्क मिति -२०८२/०२/२१ गते १२:०० बजे। |
| १२ | परीक्षाको मिति सम्पर्क मितिको दिन तोकिनेछ। | १२ | परीक्षाको मिति सम्पर्क मितिको दिन तोकिनेछ। |
| | | १३ | करार सूचीको उम्मेदवारको दरखास्त आएमा योग्यता क्रमको आधारमा नियुक्ति गरिनेछ। |

नोटः- थप जानकारीको लागि विद्यालयमा वा फोन नं. ९८४७४२००६५ मा सम्पर्क गर्न सकिनेछ।

महेन्द्र धोबी
अध्यक्ष (वि.व्य.स.)

अभिनन्दन सिंह
प्रधानाध्यापक

श्री गणेश माध्यमिक विद्यालय बसहिया
प्रतापपुर गाउँपालिका-५, नवलपरासी, लुम्बिनी प्रदेश, (नेपाल)

डिभिजन वन कार्यालय
कपिलवस्तु (गौतमबुद्ध)
चन्द्रौटा, कपिलवस्तु

डिभिजन वन कार्यालय कपिलवस्तु (गौतमबुद्ध) को गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्ने सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२।०२।०६

यस डिभिजन वन कार्यालय अन्तर्गत गौतमबुद्ध साझेदारी वन र शिवराज साझेदारी वनबाट आ.व. २०८०।०८१ मा उत्पादन भई डिभिजन वन कार्यालयको भागमा परेको विभिन्न जातको १३६३९.७२ क्यू. फि. काठ जेजस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र वन निर्देशनालय, बुटवल र यस कार्यालयबाट बोलपत्र खरिद गरी १६ (सोह्र) औं दिनको २:०० बजेभित्र बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ। बिस्तृत व्यहोराको सूचना यस कार्यालयको सूचना पाटी र कार्यालयको वेबसाइट www.dfogautambuddha.gov.np मा हेर्न सकिनेछ।

निमित्त डिभिजनल वन अधिकृत

कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश,नेपाल
२०७३

बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति २०८२/०२/०६

यस कार्यालयबाट मिति २०८२/०१/०५ मा प्रथम पटक प्रकाशित ठेक्का आह्वान सम्बन्धी सूचना उपर दर्ता हुन आएका बोलपत्र मध्ये तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (मु.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 26/KM/NCB/ 2081-82 | Kali Gandaki Hospital Aagadi Highway ko Culvert Dekhi Uttar Smritee Chok Hudai Gumba Chok Samma Slab Nirman | अनिशा कन्स्ट्रक्सन प्रा.लि कावासोती-३ | 22,51,819.13 | |

प्रमुख प्रशासकीय अधिकृत


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com